交通意外傷亡援助 TAVA

Nepali 尼泊爾語

# यातायात दुर्घटनाले भएका पीडिहरूका लागि सहयोग (टी.ए.वी.ए)को योजना

सडक यातायात दुर्घटनाहले भएका पीडिहरू
अथवा, मृत्यु हुने परिस्थितिमा,
उहाँमा आश्रित जीवित व्यक्तिहरूलाई आर्थिक सहयोग प्रदान गर्छ ।

# Traffic Accident Victims Assistance Scheme

Provides financial assistance to
road traffic accident victims
or to their surviving dependants in cases of death

社會福利署
Social Welfare Department

September 2014

## उद्देश्य

सडक यातायात दुर्घटनाहरूद्वारा पीडित भएका व्यक्तिहरू (अथवा मृत्यु हुने परिस्थितिमा, उहाँमा आश्रित जीवित व्यक्तिहरू) लाई तुरन्त आर्थिक सहयोग दिनु यस योजनाको उद्देश्य छ । दुर्घटना घटने क्रममा दोषको तत्त्वलाई उपेक्षित गर्दै, यो योजना परिवारको आर्थिक अवस्थाको मूल्याङ्कनमा आधारित छैन ।

भुक्तानी, व्यक्तिगत घाउहरूका लागि गरिन्छ, यस योजनामा संपत्तिका हानि अथवा क्षति समावेश छैनन् ।

## पात्रताका मानदण्ड

प्रत्येक आवेदकले निम्नलिखित मानदण्ड पूरा गर्नपर्छ :

- दुर्घटना, हङकङका कानून, यातायात दुर्घटना पीडित (सहयोग कोश) अध्यादेश, शीर्षक 229 [Traffic Accident Victims (Assistance Fund) Ordinance, Cap. 229] द्वारा परिभाषित, यातायात दुर्घटना हुनुपर्छ, र त्यसको रिपोर्ट पुलिसलाई दिइएको हुनुपर्छ ।
- पीडित त्यस दुर्घटनाले गर्दा मरे; अथवा जुन घाउ लाग्यो त्यसका कारण कमसेकम तीन दिनका लागि अस्पतालमा भर्ना हुन अथवा रुग्णतावकाश लिन परेको हुनुपर्छ, त्यस्तो कुनै पञ्जीकृत चिकित्सा व्यवसायी/पञ्जीकृत चीनी चिकित्सा व्यवसायीले प्रमाणित गरेको हुनुपर्छ ।
- आवेदन दुर्घटना हुने मिति पश्चात् छ महिनामा (निम्नलिखित नोट हेर्नुहोस्) दिएको हुनुपर्छ ।
- पीडितलाई हङकङमा बस्ने अधिकार छ अथवा उनलाई अप्रवास अध्यादेश, शीर्षक 115 (Immigration Ordinance, Cap 115)का अन्तर्गत हङकङमा वास गर्ने अनुमति छ, तथा दुर्घटना हुने समय हङकङमा बस्नलाई लागू समयावधि (यदि समयावधि छ भने)को उल्लङ्घन भएको छैन ।

(नोट : छ महिनाको अवधिको हिसाव गर्दा दुर्घटना हुने दिनलाई गनिन्दैन । यदि त्यस अवधिको अन्तिम दिन शनिवार, सार्वजनिक अवकाश, अथवा त्यस्तो कुनै दिन भए, जसमा 8 नम्बर अथवा त्यसभन्दा ठूलो तुफान अथवा भयङ्कर वर्षा (Black Rainstorm) को चेतावनी-सिग्नल दिइयो, त्यस अवधिमा आगामी कामकाजको सामान्य दिन समावेश रहनेछ ।)